आज मिति २०७९ साल असोज ७ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा आ.व २०७९/८० को चौथो बैठक सम्पन्न गरियो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | बिल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | दिवाकर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | नरेन्द्र राज घिमिरे | आर्थिक प्रशासन शाखा प्रमुख | |
| २ | ऋषि राम पौडेल | योजना अनुगमन तथा [illegible] शाखा प्रमुख | |
| ३ | राजिव घिमिरे | प्रशासन कार्य सहायक | |

सुन्दरबजार नगरपालिका, नगरकार्यपालिकाको मिति २०७९/०६/०७ गते बसेको आ.ब. २०७९/८० को चौँथो बैठकका निर्णयहरु-

निर्णय नं. १

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०७९/०५/१८ गते बसेको आ.ब. २०७९/८० को तेस्रो बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा १० वटा निर्णयहरु भएकोमा सम्पूर्ण निर्णयहरु कार्यान्वयन भएको पाईयो ।

निर्णय नं. २

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२)बमोजिम कार्यालयले पेश गरेको "सुन्दरबजार नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७९" उपर दफावार छलफल गरि सर्वसम्मतरुपले पारीत गरियो ।

निर्णय न.३

यस नगरपालिकाको सेवाप्रवाहमा सेवाग्राहीको चाप,सेवाप्रवाहको प्रकृति,परीमाण र गुणस्तर, विद्यान संगठन संरचना, संगठन तथा पदको कार्यविवरण, दक्ष जनशक्तिको उपलब्धता र दरबन्दी तेरीज जस्ता विषयबस्तुलाई मध्यनजर गर्दै यस नगरकार्यपालिकाको कार्यालयको संगठन तथा व्यवस्थापन पुनरावलोकन गर्न आवश्यक देखिएकाले, संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने र सोको प्रतिवेदन तयार गर्ने कार्यको लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान,जावलाखेल, ललितपुरलाई अनुरोध गर्ने साथै नगरपालिकाको तर्फबाट गर्नुपर्ने आवश्यक सहयोग,समन्वय तथा सहजीकरण गर्ने निर्णय गरियो ।

निर्णय न. ४

आर्थिक बर्ष २०७८ /०७९ मा विद्यालय कर्मचारीहरुलाई राज्यले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउने गरी थप सुविधाको लागि बजेट विनियोजन भएकोमा श्री मनकामना प्राथमिक विद्यालय सु न पा २ मा रु २८,०००। (अक्षरुपी अठाईस हजार रुपैयाँ मात्र) र श्री सेवा मन्दिर प्राथमिक विद्यालय सु न पा १ मा रु २१,०००। (अक्षरुपी एकाईस हजार रुपैयाँ मात्र) कम निकासा भएकाले यस आर्थिक वर्ष २०७९/०८०को सोही शीर्षकबाट रु.४९,०००। (अक्षरुपी उन्नापचास हजार रुपैयाँ मात्र) निकासा दिने निर्णय गरियो ।

निर्णय न. ५

लमजुङ जिल्ला सुन्दरबजार नगरपालिका वडा नं ६ मा समुदायस्तरबाट संचालित नमूना सामुदायिक अस्पतालले मानव विकास तथा सामुदायिक सेवा (HDCS)सँगको सहकार्यमा ५० बेडको अस्पताल सञ्चालन गर्न लागेकोले उक्त संस्थासँगको सहकार्यमा अस्पताल संचालन भएमा लमजुङका अधिकांश क्षेत्र, तनहूँको उत्तर-पूर्वी भेग र गोरखाका पश्चिमी भेगका नागरिकहरुका लागि गुणस्तरीय सेवा प्राप्त हुने देखिएकाले उक्त अस्पताल सञ्चालन गर्न स्थानीय सरकारको तर्फबाट आवश्यक सहयोग,समन्वय र सहजीकरण गर्ने निर्णय गरियो ।

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

निर्णय प्रमाणित

निर्णय न. ६

सुन्दरबजार नगरपालिका वडा नं. ९ मा भोटेओडार तल्लो बजार स्थित सिस्नेरी खोलामा बर्षायामको बाढीले गर्दा बाटो क्षति भएकोले सो बाटोमा आवतजावतका लागि फड्के पुल निर्माणका लागि रु.१,४२,००० (अक्षरुपी एक लाख बयालिस हजार रुपैयाँ मात्र) लागत स्टिमेट भए बमोजिम सो मा नबढ्ने गरी उक्त निर्माण कार्य सम्पन्न पश्चात अनुगमन तथा मूल्याङ्कनका आधारमा विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न. ७

आर्थिक बर्ष २०७९/८० को बजेट बक्तव्यमा राष्ट्रसेवक कर्मचारीहरुको तलबमानमा १५ प्रतिशत बृद्धि भएको, यस कार्यालयमा कार्यरत सेवा करारका कर्मचारीहरुको पनि तलबमानमा बृद्दि गर्न न्यायोचित देखिएकाले आ.ब. २०७९/८० को श्रावण महिनादेखि निजहरुले खाईपाई आएको तलबमा १५ प्रतिशतका दरले बृद्धि गर्ने निर्णय गरियो ।

निर्णय न.८

सु.न.पा. ५ मा अवस्थित खहरे खोला फड्के पुलमा मर्मत का लागि मूल्याङ्कन बमोजिम बढीमा रु. ३०,०००(अक्षरुपी तीस हजार रुपैयाँ मात्र) विपद व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न.९

सु.न.पा.वडा नं. १ स्थित कुन्छा स्वास्थ्य चौकीलाई खोप कार्यक्रमका लागि आवश्यक पर्ने फ्रिज खरीद गर्न बढीमा रु.४०,०००। (अक्षरुपी चालीस हजार रुपैयाँ मात्र) विविध पूजीँगत शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय न.१०

आर्थिक सहायताका लागि परेका निवेदन उपर छलफल गरी देहायका निवेदकलाई देहाय बमोजिमको रकम आर्थिक सहायता शीर्षकबाट सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | वडा न. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ४ | डिल बहादुर भुजेल (ना.प्र.प.न.४०२८) | ३०,०००/- | विपदबाट पशुधनमा क्षति |
| २ | ६ | सुन्दरबजार युवा क्लब | ३०,०००/- | रक्तदान कार्यक्रममा सहयोग |
| ३ | ६ | शिवजी गुठी संरक्षण समिति | ३०,०००/- | कुर्सी खरिदमा सहयोग |
| ४ | ६ | भैरव देवी प्रा.वि. | ६०,०००/- | खानेपानी तथा शौचालय व्यवस्थापन |
| ५ | ६ | मेघ लामा (ना.प्र.प.न. २२०१४) | ३०,०००/- | उपचार सहायता |
| ६ | ७ | गणेश श्रेष्ठ | ३०,०००/- | श्रीमती अप्सरा श्रेष्ठ उपचार सहायता |
| ७ | ८ | लक्ष्मण बहादुर दमै | ३०,०००/- | उपचार सहायता |
| ८ | ८ | सुस्मिता परीयार | ३०,०००/- | उपचार सहायता |
| ९ | ११ | १२ पिर्के पिङ मर्मत | ५०,०००/- | परम्परागत संस्कृति संरक्षण |
| १० | - | नेत्रहीन संघ बेशीशहर, लमजुङ | १५,०००/- | सहयोग |